# मधेशको माटो

**गान्धि राज भट्टराई**

यो कथा होइन, उपकथा हो मधेशको माटो परीक्षण गर्ने विषयको । यसमा माटो परीक्षणको नाममा अफिस वरिपरिबाट दश पन्ध्रवटा स्याम्पल परीक्षण गरेर बजेट झ्वाम पार्ने कुनै कृषि विकास कार्यालयको नमुना कार्यक्रम लेखिएको छैन । यस परीक्षणमा कुनै बैज्ञानिक आधार पनि छैन । यसबाट निस्कने नतिजा कुनै सोधमूलक कार्यपत्रको क्षेत्रभित्र पनि पर्दैन ।

यो उपकथा अलि पुरानो हो । भरखर चितवनमा नयां नयां विकास खुल्दा खेरिको । त्यति बेलाको परिस्थितिमा मिल्ने खालको मौलिक । मान्छेको चाहना र व्यवहारलाई बुझ्न नसक्ने स्थितिको एउटा उदाहरण । कथा मैले बनाएको हैन । एउटा कृया पुत्रीको डिकुरो कुर्ने क्रमसंगै बुढापाकाको मुखबाट सुनेको । बुढापाकाका मुखबाट यस्तै जमघटमा यस्ता गफगाफ निस्कंदा रहेछन् भन्ने उदाहरण पनि हो यो उपकथा ।

-o-

कथा यसरी शुरु हुन्छ :

दिनाखर पाण्डे यसपाली पनि हिउंदमा मधेशतिर झर्ने भए कामको खोजीमा । श्रीमती बाटुली पनि साथै लागिन् । गाउंमा हिउंद लागे पछि काम हुंदैनथ्यो । दुवै जना मेहनती थिए त्यसैले हिउंदमा गाउंमा बसेर पो के गर्ने भनेर छिमेकीलाई घरबारीको हेरचाह गरिदिने अनुरोध गर्दै मधेशतिर झर्दथे । हिउंदमा मधेश झर्ने यो प्रकृया विहे गरेको वर्षदेखि यथावत् थियो । मधेश भने पनि उनीहरुको काम गर्ने ठाउं नारायणघाट, मुग्लिन वा डुम्रे, दमौलीतिरै हुन्थ्यो । बढीजसो मधेश अर्थात् चितवनमै काम गर्ने गर्दथे ।

विहे गरेको छ सात वर्ष भइसकेको थियो । दैवको इच्छा नभएर भनौं वा उनीहरुको शारीरिक कमजोरी अहिलेसम्म केटाकेटी भइसकेका थिएनन् । श्रीमान् श्रीमती दुवै जना दुर्गम पहाडमा जन्मेर उतै हुर्केका थिए । वल्लो पल्लो गाउंका हुनाले वैंशमा मेलापात, जात्रामा भेट हुंदाखेरि मन पराएर विहे गरेका थिए । त्यसैले दुवै एक अर्कामा समर्पित थिए ।

विहे गरेका वर्षहरु बित्ने क्रमसंगै उनीहरुमा सन्तानको चाहना बढ्दै गयो । यस्तै क्रममा एउटाले अर्कोको कमी कमजोरीबाट बच्चा नभएको होला भनी सोच्नु स्वाभाविकै थियो । शंकाको बादल एकपटक लागेपछि हटाउन गाह्रो पर्छ । बाटुली पनि लोग्नेको कारणले बच्चा नभएको हो कि भनेर सोच्न थालेकी थिइन् । एउटा गाउंले परिवेशमा सन्तानहीनताको चोट बोकेका जीउंदो उदाहरण थिए उनीहरु । डाक्टरसंग जंचाउने भन्ने थाहै थिएन । यस्तोमा आफ्नो सन्तानको आकांक्षा पूरा गर्ने उपाय कि लोग्नेले कान्छी ल्याउनु हुन्थ्यो कि त स्वास्नी आफैं पोइल जानु पर्थ्यो । तर दिनाखर र बाटुलीको एक अर्का प्रतिको मायाले गर्दा पनि यी दुवैकुरा अहिलेसम्म हुनसकेका थिएनन् । दिनाखरको लागि कसै कसैले कान्छी विहे गर्ने प्रस्ताव पनि ल्याउन थालेका थिए । तर बाटुलीको लागि आफ्नो गाउंघरमा भइन्जेल पोइल जाने वा विवाहेत्तर सम्बन्ध राख्ने कुरा सोच्नै नसकिने थियो ।

दुई सालदेखि मधेशमा काम गर्न आउंदाको बेला बाटुलीको अलि चलखेल बढ्न थालेको थियो । वरपरका अधवैंशे एकल लोग्नेमान्छेहरुसंग हिमचीम पनि हुन्थ्यो । कुरा कति गहिरो जान्थ्यो त्यो त उनीहरु नै जानुन् । तर दिनाखरलाई भने असाध्यै छटपटी हुन्थ्यो श्रीमतीको चाला देखेर । हिउंद सक्ने बित्तिकै दिनाखर र बाटुली दुवै पहाडतिर उक्लन्थे । गाउंमा पुगेपछि दिनाखरको लागि कान्छीका प्रस्ताव आउंथे भने बाटुली पुनः सती सावित्री जस्ती हुन पुग्थिन् । अनि दिनाखर कान्छी ल्याउने निर्णय गर्न सक्दैनथे ।

"यस्ती सोझी मेरी बाटुली मधेशतिर लागेपछि किन नखरमाउली हुन्छे ?" दिनाखरले यो कुरालाई गहिरिएर बुझ्ने निधो गरे । तर बुझ्नु कसरी? मधेश झरेपछि बाटुलीको व्यवहार नै अर्कै हुन्थ्यो । सोझै सोध्ने साहस पनि आएन । फेरी सन्तान पाउन नसकेको चोट छंदै थियो । साच्चिनै पोइल गइहाली भने पनि आफैंलाई समस्या । परीक्षण गरुन् पनि कसरी? कुनै जासुसी गर्ने कला पनि थिएन । चियोचर्चो सम्म गर्थे तर कुनै आपत्तिजनक कुराहरु भेटेका थिएनन् ।

यो मधेशको ठाउं नै यस्तै हो कि ? पानी फेरिएर यस्तो भा हो कि ? दिनाखरका मनमा ताना खेल्न थाले । दिनाखरले दुई वर्ष अघि देखिका घटनाहरु सम्झे, बाटुली मधेश हुन्जेल केटाहरुसंग मस्केको, हात हालाहाल गरेर चलेको, कसै कसैले अलि गहिरो दुई अर्थ लाग्ने खालका छड्के कुरा गर्दा पनि रिसाउनु, झर्किनुको सट्टा उल्टो हांसेर गिल्लीएको ।

दिनाखरले यसपाली मधेशको माटो जांच्न विचार गरे । पहाडको तुलनामा मधेशमा तोरी मकै हलक्कै बढेको, पहाडमा पांच महिना लगाएर पाक्ने मकै मधेशमा तीन महिनामै पाकेको, पहाडमा तीन वर्ष नभइ पाडीले रांगो नखोज्ने तर मधेशमा पाडी जन्मेको दुई वर्षमै रांगो लागेर तीनवर्षमा त आफैंले पाडी पाएको सबै कुरा सम्झे । कि मान्छेलाई पनि यस्तै हुन्छ हं? दिनाखरको मनमा मधेशको माटोमा केही त पक्कै छ भन्ने लाग्यो ।

यसपाली पहाड फर्कने बेलामा दिनाखरले बाटुलीलाई पनि थाहै नदिइकन मधेशको बारीबाट तीन पाथी माटो हाले नुन बोक्ने बोराको पींधमा । धन्सारमा नुन थन्क्याएर माटोको बोरा बाटुली सुत्ने खाट मुनी खन्याए ।

-o-

यो वर्षदेखि बाटुलीको धैर्य टुट्न लागेको थियो तर मुख फोरेर कसरी भनुन्? छोराछोरी काखमा खेलाउने रहर मरेको थिएन तर श्रीमान् बाट सहयोग नपाई छोराछोरी पाउने रहर पुरा हुने पनि भएन । अर्कैतिर घरबार गर्न लागौं न त भन्नलाई वर पर गाउंघरमा आंटिलो मान्छे पनि थिएन ।

त्यसैसाल गाउंमा खानेपानी योजना सन्चालन हुने भएछ । मान्छेहरुको आवत जावत बढ्न थालेछ । बाटुलीका दुईजना टाढाका आफन्त पर्ने लोग्ने मान्छेहरु पनि कामको सिलसिलामा आउने जाने गर्न थालेछन् । आएपछि इष्टमित्रका नाताले बाटुलीकै घर बस्ने नै भए । मान्छेहरु आउने जाने गरे पछि, पुराना नाता सम्बन्धी इष्टमित्र भेटेपछि बोलीचाली नजिकिने नै भयो । बाटुलीमा साधारण परिवर्तन त हुने नै भयो । यता बाटुलीको ओछ्यान मुनी माटो खन्याएर परीक्षण गर्न लागेको दिनाखरले बाटुलीमा आएको परिवर्तन महसुस गर्ने नै भयो ।

पोहोर साल मधेशबाट आएर पुनः सती सावित्री भएकी बाटुलीलाई यसपाली पहाडमा पनि मधेशमा हुंदाखेरिकै जस्तो पात्तिएकी बाटुली नै लाग्यो दिनाखरलाई । दिनाखरको सोझो दिमागले ठीक ठहर्‍याएको परीक्षण पश्चात् यो पक्कै पनि मधेशको माटोकै असर हुनुपर्छ जस्तो लाग्यो ।

“हं, मधेशको माटै यस्तो हुंदो रहेछ ।”

दिनाखरले परीक्षणको नतिजा यकिन गरे । कसैले थाहा नपाउने गरी मधेशको माटो बाटुलीको ओछ्यान मुनीबाट कुटीले खुर्की खुर्की निकालेर नजिकैको खोलामा लगेर बगाए । त्यो साल पछि दिनाखर र बाटुली हिउंदमा काम गर्न मधेश झरेनन् रे ।

अवर्न विश्वविद्यालय, अलावामा
जनवरी १७, २००३

*प्रथम प्रकाशित*
**परदेश डट कम, मार्च २००३**
http://www.paradesh.com